# प्राविधिक तथा व्यावसायिक शिक्षाको अवस्था, चुनौती र समाधान

**डा. भोजराज काफ्ले**
उपसचिव, शिक्षा मन्त्रालय

"एकाइसौं सताब्दीका लागि व्यापार र उद्योगमा आधारित शिक्षा : सिकाइलाई कामको संसारसँग मिलाऊ "
युनेस्को–युनिभोक

## लेखसार

**यस लेखमा प्राविधिक तथा व्यावसायिक शिक्षा सम्बन्धी विषय वस्तुलाई सिद्धान्त र विश्वव्यापी परिवेशका आधारमा यसको व्यावहारिक पक्ष प्रस्तुत गरिएको छ । यसमा नीति, योजना र कार्यान्वयनले दिगो रूप लिन नसकेको अवस्था र त्यसको कारण खुट्ट्याउने प्रयास पनि भएको छ । लेखमा आधार शिक्षा, बहुउद्देश्यीय माध्यमिक विद्यालय, देशका सबै साधारण माध्यमिक विद्यालयहरूलाई व्यावसायिक विद्यालयको स्वरूप, प्राविधिक शिक्षालय योजना , प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को स्थापना, संविधानमा भएका प्रावधान, चालु आवधिक योजना, विद्यालय क्षेत्र सुधार योजना (SSRP), युवा स्वरोजगार कोष, Remittance पुऱ्याएको योगदानका बारेमा चर्चा भएको छ । समस्याको गहिराइ कमजोर क्षेत्र, समुदाय र वर्ग दुर्गम, आदिवासी जनजाति, दलित, लोपन्मुख, सीमान्तकृत, गरिब तथा महिलामा रहेको चर्चा गरिएको छ । विद्यमान अवस्थाका सबल, कमजोर, अवसर र चुनौतीका बारेमा समेत चर्चा भएको छ । यस सम्बन्धी नीतिगत, संरचनागत, कार्यविधिगत र व्यावहारिक समस्याहरूलाई मसिनोसँग चर्चा गरिएको छ र समाधान पनि दिन खोजिएको छ । सिपयुक्त प्राविधिक तथा व्यावसायिक शिक्षाको प्रावधान, पहुँच, उपयुक्तता र अनकुल उपलब्धता । यी चार कुरा मिलेपछि समाजका कमजोर वर्गको समेत पहुँचमा भएको मानिन्न छह यी चार कुरालाई सम्बोधन गर्दै गुणस्तरमा पनि उत्तिकै ध्यान दिनुपर्छ । यसका लागि स्रोत जसरी पनि बढाउनुपर्छ भन्ने विषयमा कारण र प्रमाण दिइएको छ । अन्त्यमा छुट्टै मन्त्रालय वा सोझै सरकार प्रमुखको नियन्त्रण जस्ता संगठनात्मक पक्षमा सुधार तथा भए गरेको असल अभ्यास र परिस्थितिजन्य समस्यालाई उचित सम्बोधन गर्दै वैदेशिक रोजगारमा गएका र जानेहरूलाई सिपको स्तर वृद्धि सम्बन्धी तालिम दिँदै जाँदा यस क्षेत्रमा अपेक्षित सुधार हुँदै गई रोजगारीको समस्यालाई क्रमशः सम्बोधन गर्न सकिन्छ । औपचारिक र अनौपचारिक रोजगारीका दुवै क्षेत्रमा बल पुग्छ ।**

## १. पृष्ठभूमि

विषय वस्तुको गहिराइमा पुग्न, वर्तमान अवस्थाका बारेमा वास्तविक्ता बुझ्न र भविष्यको बाटो पहिल्याउन विगतको आस्था र प्रयासका बारेमा जानकारी हुनपर्ने स्वाभाविक छ । नेपालमा प्राविधिक तथा व्यावसायिक शिक्षा विकासको प्रयासहरूमा विद्यालय तहमा र निम्न वा मध्यम स्तरीय जनशक्ति तयार गर्न विगतदेखि निकै प्रयास भएको पाइन्छ । प्रयासका क्रममा एउटै नीतिगत तथा योजनागत प्रयासले दिगो रूप लिन सकेन । निश्चित नीति तथा योजनाको कार्यान्वयनको आधारमा त्यसैलाई दिगो गराउने भन्दा एकपछि अर्को नीति तथा योजनाको थालनी गरिएको पाइन्छ । सिपमूलक जनशक्ति र गरिबीमा अनुक्रमअनुपाति सम्बन्ध हुन्छ, भन्नाले एउटा मुलुकमा जुन दरमा सिपमूलक जनशक्तिको उत्पादन हन्छ त्यही दर (गणितीय रूपमा उही अनुपातमा) मा गरिबी घट्छ । त्यसैले यस सम्बन्धी राष्ट्रिय प्रयासको औचित्य सधैंभरि हुन्छ र हुनुपर्छ । प्रमुख रूपमा उच्च शिक्षा तह र विद्यालय तह गरी प्राविधिक तथा व्यावसायिक शिक्षालाई दुई तहमा हेर्ने गरिन्छ । यस लेखको विषय उच्चशिक्षा तह परेको छैन ।

नेपालमा विद्यालयतहको शिक्षालाई जीवन उपयोगी बनाउने भनी विद्यालय तहमा व्यावसायिक सिप र ज्ञान सिकाउने ओपचारिका प्रयास वि.सं. २००४ सालमा आधार शिक्षाको व्यवस्थासँगै भएको भएको पाइन्छ । आधार शिक्षामा विद्यार्थीहरूलाई प्राविधिक तथा व्यावसायिक सिप प्रदान गरी रोजगार

तथा स्वरोजगार बनाउनको लागि साधारण विषयको अतिरिक्त कृषि, कटाई, बुनाई तथा हस्तकला जस्ता व्यावसायिक विषयहरू सामुदायिक विद्यालयहरूमा समावेश गरी आधारभूत विद्यालयबाट व्यावसायिक शिक्षा दिने व्यवस्था गरिएको थियो । आधारभूत विद्यालयको अवधारणा गान्धी दर्शनबाट प्रभावित भएको पाइन्छ । पछि आधारभूत शिक्षाको सट्टामा वि.सं. २००९ सालको राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदनअनुसार आधारभूत विद्यालयलाई विस्थापित गरी बहुउद्देश्यीय विद्यालयहरूको माध्यमबाट व्यावसायिक शिक्षा दिने व्यवस्था गरियो । यो कार्यक्रम अन्तरगत विद्यार्थीहरूलाई वाणिज्य, कृषि तथा औद्यौगिक सिपहरूमा पूर्वव्यावसायिक तालिम प्रदान गर्ने उद्देश्य राखी सञ्चालन गरिएको थियो र यसअन्तर्गत कम्तीमा ७५ ओटै जिल्लामा एक एक ओटा बहुउद्देश्यीय माध्यमिक विद्यालय स्थापित गरियो ।

वि.सं. २०२८ मा सुरु भएको राष्ट्रिय शिक्षा पद्धतिको योजना (१९७१-७५) ले देशका सबै साधारण माध्यमिक विद्यालयहरूलाई व्यावसायिक विद्यालयको स्वरूप प्रदान गऱ्यो । देशभरी आधारभूत र मध्यम स्तरका जनशक्ति उत्पादन गर्ने लक्ष्य राखेको राष्ट्रिय शिक्षा पद्धतिको योजनाले व्यावसायिक विषयहरूलाई पनि अनिवार्य विषयको रूपमा पाठ्यक्रममा समावेश गऱ्यो । देशमा आधारभूत तथा मध्यमस्तरका प्राविधिक जनशक्ति उत्पादन गर्न प्राविधिक शिक्षालय नीति (Trade School Policy) वि.सं. २०३७ देखि अवलम्बन गरियो । त्यसै गरी वि.सं. २०३८ मा प्राविधिक शिक्षालय योजना लागु गरियो यस योजनाले अपेक्षाकृत रूपले थोरै तर व्यवस्थित, साथै गुणात्मक प्राविधिक शिक्षा प्रदान गर्ने प्राविधिक शिक्षालयहरू देशका दुर्गम र महत्त्वपूर्ण ठाउँहरूमा स्थापित गरी स्थानीय जनशक्तिको आवश्यकता विशेष गरी एकीकृत ग्रामीण विकास कार्यक्रमको लागि चाहिने जनशक्तिको आवश्यकता परिपूर्ति गर्ने लक्ष्य राखेको थियो । सन् १९८९ मा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् ऐन २०४५ पारित भई देशमा प्राविधिक शिक्षाको विकास र विस्तारको लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् नामक स्वायत संस्था गठन भयो ।

## २. वर्तमान अवस्था

माथि उल्लेख गरिएको सन्दर्भबाट स्पस्ट हुन्छ कि नेपालमा प्राविधिक तथा व्यावसायिक शिक्षा आधार शिक्षा, बहुउद्देशीय विद्यालय, अनिवार्य माध्यमिक तहमा व्यावसायिक विषय, प्राविधिक शिक्षालयको रूपमा विकसित हुँदै आएको छ । अनुभव सङ्गाल्दै २०४५ सालमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) को स्थापना गरियो । यसका प्रमुख तिन उद्देश्य थिए । ती उद्देश्यहरूमा मध्यम स्तरीय तथा आधारभूत तहको जनशक्ति उत्पादन गर्ने, व्यावसायिक तालिम सञ्चालन र सिपको परीक्षण र प्रमाणीकरण गर्ने थिए । तिनै उद्देश्यलाई आधार मानी अहिलेका कार्यक्रमहरू सञ्चालित छन् । सो प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) अन्रगतका आंगिक संस्था, माध्यमिक विद्यालय सामुदायिक कार्यक्रम, प्राविधिक शिक्षालय तथा छोटो अवधिका तालिम सञ्चालन गर्ने संस्थाबाट उद्देश्यअनुसार कार्यक्रम सञ्चालन र व्यवस्थापन गर्दै आएको वर्तमान परिवेश छ ।

नेपालको विद्यामान कानुनी प्रावधानअनुसार १६ वर्ष उमेर पुगेका व्यक्ति श्रमको लागि योग्य मानिन्छ । श्रम तथा यातायात व्यवस्था मन्त्रालयले गरेको सन्दर्भमा नेपालको श्रम बजार विश्लेषण अध्ययन प्रतिवेदनअनुसार, जनसङ्ख्याको उमेरगत आकार विश्लेषण गर्दा प्रति वर्ष नेपालमा करिब साढे चार लाख युवा युवतीहरू रोजगारका लागि तयार हुन्छन् । केहीले परम्परागत पैतृक पेसा अवलम्बन गर्छन । केही वैदेशिक रोजगारमा जान्छन् । वैदेशिक रोजगारमा गएका मध्ये अधिकांश न्यून स्तरको श्रम गरेका हुन्छन् । अन्य केही आधुनिक रोजगारी अर्थात् White color job मा लागेका हुन्छन् । रोजगार बजारमा सिपालु (प्राविधिक तथा व्यावसायिक सिपयुक्त) जनशक्तिको एकातर्फ खाँचो छ भने अर्कोतर्फ बेरोजगार र अर्ध बेरोजगारको सङ्ख्या पनि उत्तिकै छ । तथापि वर्तमान आस्थामा प्रयासहरू सर्वपक्षीयरूपमा भइरहेको छ । विद्यामान नेपालको अन्तिरिम संविधानले समेत यस विषय क्षेत्रलाई महत्त्व दिएको पाइन्छ ।

संविधानको मौलिक हकअन्तर्गत स्वतन्त्रताको हकमा "**कुनै खास उद्योग, व्यापार वा सेवा राज्यले मात्र सञ्चालन गर्ने वा कुनै उद्योग, व्यापार, पेसा वा रोजगार गर्नको लागि कुनै शर्त वा योग्यता तोक्ने**" सक्ने कुरा उल्लेख छ र सो अधिनमा रही प्रत्येक नागरिलाई स्वतन्त्रता रहने कुरा उल्लेख गरिएको छ । राज्यका नीति तथा कार्यक्रममा "मुलुकका किसान, मजदुरलगायत श्रममा आश्रित वर्गको विकासका लागि प्राविधिक शिक्षा, तालिम, प्रशिक्षणको आवश्यक पूर्वाधारको व्यवस्था गरी उनीहरूलाई राज्यको विकास प्रक्रियामा सहभागी गराउने" त्यसै गरी संविधानमा भएका अन्य व्यवस्थामा "राज्यले किसानलाई प्रोत्साहन गरी कृषि क्षेत्रमा उत्पादकत्व बढाई कृषिमा आधारित अधिकांश जनताको आर्थिक उन्नति हुने अवस्थाहरूको सिर्जना गरी कृषिलाई उद्योगको रूपमा विकास गर्नेछ ।"; "देशको मुख्य सामाजिक आर्थिक शक्तिको रूपमा रहेको श्रमशक्तिलाई रोजगार उपलब्ध गराई काम पाउने अधिकार सुनिश्चित गरी उनीहरूको हक र हितको संरक्षण गर्दै उद्यमको व्यवस्थापनमा सहभागिता बढाउने नीति राज्यले अवलम्बन गर्नेछ ।"; "शिक्षा, स्वास्थ्य, आवास, खाद्य सम्प्रभुता र रोजगारीमा निश्चित समयका लागि आरक्षणको व्यवस्था गरी आर्थिक तथा सामाजिक रूपले पिछडिएका आदिवासी जनजाति, मधेशी, दलित लगायत सीमान्तकृत समुदाय तथा गरिबीको रेखामुनीका मजदुर किसानको उत्थान गर्ने नीति राज्यले अवलम्बन गर्नेछ"; "मुक्त कमैयाको सङ्ख्या यकिन गरी उनीहरूको बसोबासको लागि आधारभूत भूमि र रोजगारीको व्यवस्था गर्ने नीति राज्यले अवलम्बन गर्नेछ ।" तथा "स्थानीय परम्परागत ज्ञान, सिप तथा प्रविधिको आधुनीकरण गर्ने" कुरा उल्लेख छ । हाल नेपालमा मध्यम स्तरीय तथा आधारभूत तहको जनशक्ति उत्पादन गर्ने प्रमुख संस्था प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) हो । यसको व्यवस्थापनका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम ऐन तथा नियमावली र यसले गर्ने कार्यक्षेत्रमा विभिन्न निर्देशिकाहरू विकास गरिएको छ । यससँग सम्बन्धित अन्य देहायका विषय महत्त्वपूर्ण छन् :

- मध्यम स्तरीय तथा आधारभूत तहको जनशक्ति उत्पादन गर्ने, व्यावसायिक तालिम सञ्चालन र सिपको परीक्षण र प्रमाणीकरण गर्ने यसका प्रमुख तिन उद्देश्य छन् ।
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् नीति २०६८ कार्यान्वयनमा ल्याइएको छ । यसले आधारभूत तथा मध्यम स्तरीय जनशक्ति विकासको पाठ्यक्रम, प्रशिक्षक, संस्था व्यवस्थापन, शिक्षण सिकाइ क्रियाकलाप, मूलभूत प्रमाणीकरण जस्ता पक्षलाई व्यवस्थित गर्ने गरी सम्बोधन गरेको छ ।
- ऐन, नियम र निर्देशिकाका आधारमा "प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सभा" र "प्राविधिक शिक्षा तथा व्यावसायिक परिषद्" को व्यवस्था छ । ती दुवैको अध्यक्ष शिक्षा मन्त्री रहने प्रावधान छ । नेपाल सरकारको लगानी तथा दातृ राष्ट्रहरूको सहयोगमा CTEVT ले यसका ११ ओटा महाशाखा, तालिम संस्था (TITI) बाट सिप परीक्षण, तालिम, TSLC र Certicate/diploma लगायतका शैक्षिक कार्यक्रममार्फत् जनशक्ति उत्पादन गर्दछ । जसअनुसार नेपाल राज्यभर यसका आङ्गिक (२२), सम्बन्धन प्राप्त प्राविधिक शिक्षालय (२९१), व्यावसायिक तालिम दिने संस्था (७६) र एनेक्स (Annex) कार्यक्रम (सामुदायिक विद्यालयमा आधारित) ७४ गरी जम्मा ४६३ ओटा संस्थाबाट वार्षिक करिब ६३ हजार आधारभूत र मध्यम स्तरीय जनशक्ति उत्पादन हुन्छ । ती संस्थाबाट प्रतिवर्ष देहायअनुसारको सङ्ख्यामा तालिम तथा व्यावसायिक सिपको अवसर प्राप्त गर्छन् :
  - प्राविधिक डिप्लोमा सर्टिफिकेट (Diploma /Certificate) १३२६४ जना
  - छोटो अवधिको तालिम १५००० करिब जना
  - सिप परीक्षण १७००० करिब जना
  - माध्यमिक सामुदायिक ७४ ओटा विद्यालयमार्फत् प्रत्येक विद्यालयमा प्रतिवर्ष औषत ३० जना
  - प्राविधिक एसएलसी १२२८६ जना

शिक्षा मन्त्रालयको प्राविधिक सहयोग र समन्वयमा तथा CTEVT मा रहेको विज्ञता उपयोग गर्ने गरी

सिप विकास परियोजना र इभेन्ट (EVENT) सञ्चालनमा छन् । वैदेशिक रोजगारमा जाने र स्वदेशमै रोजगार गरेकाहरूको लागि र गर्नेलाई सिपको प्रभावीकरण, स्तरीकरणलगायतका कार्यक्रम सञ्चालन गरिन्छ । साथै सामुदायिक विद्यालयमा एनेक्स (Annex) कार्यक्रम, बहु प्राविधिक (Poly technical), छोटो र लामो अवधिमा तालिम कार्यहरू पनि सञ्चालित छन् । युवा स्वरोजगार कार्यक्रमलगायत अन्य मन्त्रालय र गैर सरकारी क्षेत्रसँग पनि समन्वयात्मक प्रयासमा यसले काम गर्छ ।

चालु आवधिक योजनाले आर्थिक वृद्दिर र गरिबी न्यूनीकरणका लागि रोजगारी तथा रोजगारमूलक शिक्षामा जोड दिएको पाइन्छ । योजनामा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम विस्तार गर्ने यसका लागि साझेदारी प्रयास, स्थानीय जिम्मेवारी, लक्षित कार्यक्रम, स्थानीय र परम्परागत सिपको प्रवर्धन गर्ने जस्ता कुरा उल्लेख छ । योजनामा उल्लेख भएका विषयहरूमा :

- यसैगरी प्राविधिक शिक्षा र व्यावसायिक तालिममा लक्षित समूहको पहुँच बढेको छ (पेज ५९) ।
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको पहुँच र गुणस्तर कमजोर रहनु, उच्च शिक्षाको स्पष्ट नीतिगत व्यवस्था नहुनु यस क्षेत्रका प्रमुख समस्याका रूपमा रहेका छन् (पेज ५९) ।
- निजी क्षेत्र, गैरसरकारी क्षेत्र र विकासका साझेदारहरूसँगको सहकार्यबाट प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका अवसरहरू विस्तार गरिने छ (पेज ६०) ।
- निजी क्षेत्रका विद्यालय, प्राविधिक शिक्षालय, अनुसन्धान केन्द्र, र मानित तथा खुला विश्व विद्यालयको स्थापना एवम् सम्बन्धनका लागि कार्यविधि बनाई कार्यान्वयन गरिने छ (पेज ६०) ।
- रोजगार तथा स्वरोजगार सृजना गर्ने खालको प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा जोड दिने (पेज ८३) ।
- महिला, दलित, सीमान्तकृत जनजाति, वर्ग, समुदाय र क्षेत्रका प्रतिभाशाली र सिर्जनशील विद्यार्थीहरूलाई प्राथमिकताका क्षेत्रमा विज्ञान तथा प्राविधिक शिक्षा प्राप्त गर्न प्रोत्साहित गरिने छ (पेज ११२) ।

विद्यालय क्षेत्र सुधार योजना (SSRP) जुन विद्यालय तह, प्राविधिक तथा व्यावसायिक शिक्षा र अनौपचारिक शिक्षाको लागि सर्वाधिक महत्त्वपूर्ण दस्तावेज मानिन्छ । CTEVT अर्न्तगतका सबै परीक्षाहरू राष्ट्रिय परीक्षा बोर्ड (NEB) गठन गरी सो अर्न्तगत सञ्चालन गर्ने । कक्षा ९ बाट व्यावसायिक र साधारण दुईधार हुने, कक्षा ६ देखि सफ्ट स्किल (Soft Skill) सम्बन्धी विषय वस्तु पठन पाठन हुनुपर्ने, एनेक्स (Annex) कार्यक्रम विस्तार गर्ने, CTEVT को क्षमता बढाउने जस्ता कुराहरू उल्लेख गरेको छ । जसअनुसार राज्यका १०० ओटा माध्यमिक विद्यालयमा व्यावसायिक धारको परीक्षण पठन पाठन सञ्चालन गरिएको छ । यसको अनुभवका आधारमा अरु विद्यालयहरूमा समेत विस्तार गरिने छ । कक्षा ६ र ७ मा साधारण व्यावसायिक सिप वा सामान्य सिप वा सफ्ट स्किल (Soft skill) का पठन पाठनलाई नियमित कार्यक्रमको रूपमा पठन पाठन गराउन थालिएको छ भने यस वर्ष कक्षा ८ परीक्षणको काम भएको छ । कक्षा ९ र १० मा सफ्ट स्किल (Soft Skill) सम्बन्धी विषय वस्तु एकीकृत गर्न कार्य हुँदै छ । कक्षा ६ देखि नै अनिवार्य विषयका रुपमा १०० पूर्णाङ्कको पेसा, व्यवसाय र प्रविधि शिक्षा विषय पठन पाठन सुरु गरिएको छ ।

यस सम्बन्धी भएका अन्य प्रयासहरूमा सरकारले छुट्टै युवा स्वरोजगार कोषको स्थापना गरी युवाहरूलाई रोजगारीमा सङ्लग्न गराउने कार्यक्रम रहेको छ । नेपाल उद्योग बाणिज्य महासङ्घले सिटिइभिटी (CTEVT) सँग सहकार्यमा ट्रेड स्कुलहरू सञ्चालन गर्न थालेको छ । स्थानीय विकास, श्रम, समाज कल्याण, पर्यटन, कृषि आदि सम्बन्धी मन्त्रालयबाट पनि कार्यक्रम सञ्चालन हुन्छ । रोजगार बजारको माग र आपूर्तिको विश्लेषणको निचोडमा रोजगार प्रदायक संस्थाबाट सिटिइभिटी (CTEVT) बाहेक कति उत्पादन भएको छ र कुन कुन क्षेत्रमा के कस्तो जनशक्तिको आवश्यकता छ सो सम्बन्धी तथ्याङ्क स्पस्ट रूपमा उपलब्ध नभए पनि उल्लेख्य रूपमा प्रयासहरू भै रहेको छ ।

## ३. राष्ट्रिय अर्थतन्त्रमा योगदान

सिपयुक्त जनशक्तिले उल्लेख्य रूपमा बढी तलब पाउँछन् । सिपयुक्त जनशक्तिको पारिश्रमिक सिप नभएकाको भन्दा ५ गुनासम्म बढी हुने गरेको छ । जति सिपयुक्त जनशक्ति रोजगरीमा सङ्लग्न भएको हुन्छन् । त्यही दरमा राष्ट्रय अर्थत्रन्त्रलाई योगदान पुग्छ । त्यसैले प्राविधिक जनशक्ति राष्ट्रिय अर्थतन्त्रको मेरुदण्ड मानिन्छ । आधुनिक सूचना तथा सञ्चार प्रविधि विकाससँग यसको महत्त्व अझ व्यापक भएको छ । वैदेशिक रोजगारीमा गएका अर्थात् विप्रेषण विप्रेषण (Remittance) ले नेपालको अर्थतन्त्रको २४ प्रतिशत धानेको छ । यो औपचारिक रूपमा भित्रिएको विप्रेषण (Remittance) को अङ्ग हो । अनौपचारिक हुण्डीमार्फत् आउने रकम छुट्टै छ । ती मध्ये धेरै जसोले प्राविधिक तथा व्यावसायिक सिपको अभावमा निम्न स्तरको श्रम गरिरहेका छन् । यस प्रकार सिपयुक्त जनशक्तिबाट मुलुकमा Remmitance धेरै भित्रिने र मुलुकको अर्थतन्त्रमा महत्त्वपूर्ण योगदान हुने कुरा स्पष्ट छ ।

त्यसैगरी, स्वदेशी रोजगार बजारमा उत्पादन पठाउन, कृषिलाई आधुनिकीकरण गर्ने प्राविधिक जनशक्तिले महत्त्वपूर्ण भूमिका खेली राष्ट्रिय अर्थतन्त्रलाई योगदान पु¥याउछ । पर्यटन, विद्युत, वन, पूर्वाधार विकास, प्रशासन, स्वास्थ्य, शिक्षा, आवास तथा भौतिक विकास जस्ता क्षेत्रमा दक्ष प्राविधिक तथा व्यावसायिक जनशक्तिले आर्थिक गति विधिलाई क्रियाशील बनाउन महत्त्वपूर्ण भूमिका खेली राष्ट्रिय अर्थतन्त्रमा महत्त्वपूर्ण सहयोग पु¥याएको हुन्छ । सिपयुक्त आधारभूत र मध्यम स्तरीय जनशक्तिमा लगानीको प्रतिफल तुलनात्मक रूपमा उच्च स्तरीय र साधारण शिक्षामा भन्दा बढी देखिन्छ । राष्ट्रिय अर्थतन्त्रमा सहयोग हुने स्पष्ट छ । तथापि नेपालको सन्दर्भ धेरै थोरैलाई मात्र अवसर भएको, मुलुकमा कमजोर क्षेत्र, समुदाय र वर्ग दुर्गम, आदिबासी जनजाति, दलित, लोपन्मुख, सीमान्तकृत, गरिब तथा महिलाका लागि प्रयाप्त पहुँच पुग्न सकेको छैन र राष्ट्रिय अर्थतन्त्रलाई अपेक्षित रूपमा योगदान पु¥याउन नसकेको अवस्था छ ।

### अवस्था विश्लेषण

| सवल पक्ष | कमजोर पक्ष |
|---|---|
| प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) सम्बन्धी ऐन, नियम, तथा नीतिगत व्यवस्था छ । ती नीतिगत व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन हुन नसकेको चर्चा गरिन्छ । | यस क्षेत्रलाई छुट्याइएको राष्ट्रिय बजेट ज्यादै न्यून (३%) छ । विश्वका कतिपय मुलुकमा शिक्षा बजेटको ४०% सम्म छुट्याइन्छ । फिनल्याण्डमा १३% र इजरायलमा ९% छुट्याइने गर्छ । |
| सिटिइभिटी (CTEVT) अन्तर्गतका ४६३ (२२ आँगिक, ७४ एनेक्स (Annex), २९१ शिक्षालय र ७६ ओटा छोटो अवधिका तालिम सञ्चालन गर्ने संस्था) संस्था मार्फत कार्यक्रम सञ्चालन गरिन्छ । वार्षिक करिब ६५ हजारका लागि अवसर छ । अवसर प्रयाप्त हुन सकेको छैन । | धेरै कमलाई मात्र अवसर उपलब्ध छ । समावेशीकरणको पक्षलाई जोड दिन खोजिएको भए ता पनि त्यस समूहका ठुला ठालु (elite) ले अवसर पाएका छन् । (double/triple disadvantage) अपेक्षित रूपमा लाभान्वित हुन सकेका छेनन् । |
| सिटिइभिटी (CTEVT) ले अनौपचारिक क्षेत्रमा सिकेको सिपको परीक्षण गरी प्रमाणीकरण गर्दछ । | कमजोर (सूचना प्रविधि, स्थानीय क्रियाशीलता र अग्रसरता, रैथाने प्राविधिक सिपको उजागर, समन्वयात्मक प्रयास जस्ता पक्षमा अपेक्षित जोड पुग्न सकेको छैन । |
| ११ ओटा महाशाखा मार्फत विभिन्न प्राविधिक र व्यावसायिक विषय क्षेत्रमा सिटिइभिटी | अन्तरार्ष्ट्रिय सहयोगको आफ्नै प्याकेजमा सहयोग लिन सकिएको छैन । |

| | |
|---|---|
| (CTEVT) ले काम गर्छ। समन्वयात्मक प्रवन्ध मजवुत बनाउने प्रयास गरिएको छ । | |
| सिप विकास परीयोजना र इभेन्ट (EVENT) जस्ता परीयोजनाहरू सिटिइभिटी (CTEVT) सँगको समन्वय र मन्त्रालयको निगरानीमा सञ्चालित छन् । | प्राविधिक तथा व्यवसायमूलक कामप्रति अपेक्षित रूपमा आकर्षण बढेको छैन । |
| अन्य मन्त्रालयहरू पर्यटन, स्थानीय निकाय सिटिइभिटी (CTEVT) ले काम विकास आदिबाट समेत कार्यक्रमहरूको सञ्चालित छन् । | सामाजिक सम्मानको पक्ष कमजोर छ । |
| **अवसरहरू** | **चुनौतीहरू** |
| प्राविधिक र सूचनाको क्षेत्रमा भएको विकासले सेवाको क्षेत्र व्यापक रूपमा विस्तार भएको छ । | राजनीतिक र नीतिगत तहमा उच्च प्राथमिकता पाई बजेटले उपयुक्त आकार लिने कुरा । |
| TEVT का क्षेत्रमा विकास साझेदार (DPs) तथा अन्तरराष्ट्रिय र राष्ट्रिय गैर सरकारी (I/NGOS) को लगानी गर्ने क्रम बढ्दो छ । | मानव संशाधन विकास योजना र गरिबीबिच तादाम्यता ल्याउने गरी योजना विकास र कार्यान्वयन । |
| निजी क्षेत्र सशक्त हुँदै आएको छ । विश्व व्यापार सङ्गठन, विश्व बैङ्क जस्ता विश्वव्यापी संस्थाको आकर्षण बढाउन सकेमा अवसरको व्यापक विस्तार हुन्छ । | रोजगार परामर्श सेवा सञ्चालन र कमजोर वर्गमा पहुँच पुऱ्याउने कुरा । |
| वैदेशिक रोजगार विभाग, पर्यटन मन्त्रालय, समाज कल्याण परिषद् तथा स्थानीय विकास मन्त्रालयसँग समन्वय गरी कार्यक्रम विस्तार गर्न सकिने सम्भावना प्रसस्त देखिएको छ । | निजी क्षेत्रसँग उपयुक्त समन्वय गरी भौगोलिक, सामाजिक र आर्थिक रूपमा कमजोर वर्गलाई सेवा पुऱ्याउने विषय । |
| स्थानीय तहमा स्वरोजगार सिर्जना तथा अन्य रोजगारी सिर्जनाको पक्षमा लगानी गर्न स्थानीय निकायलाई प्रोत्साहन गर्ने र स्थानीय तहमा समन्वयात्मक रूपमा कार्यक्रमहरू सञ्चालन गर्न सकिने सम्भावनाहरू प्रशस्त देखिएको छ । | वैदेशिक रोजगारको क्षेत्र पहिचान गरी तिनै विषय क्षेत्रमा तालिम सञ्चालन गरी सिपमा बढोत्तरी ल्याउने विषय ।<br>मुलुकमा शान्ति सुरक्षा र संरक्षणको अवस्थामा सुधार आई नीतिगत विषयले निरन्तरता पाउने कुरा आदि । |

## ५. समस्या वा मुद्दा

वैदेशिक रोजगारमा ठुलो सङ्ख्यामा निम्न स्तरको र अदक्ष श्रम गरिरहेका जनशक्ति छ । तिनका लागि कस्तो कस्तो तालिम आवश्यक होला सो पनि विश्लेषण भएको छैन् । एकतर्फ बेरोजगारको भिड देखिन्छ । त्यो बेरोजगारी जमातले परम्परागत वा पुस्तौनी पेसा अवलम्बन गर्न चाहँदैन । अर्कोतर्फ रोजगार बजारमा सिपालु कामदारको अभाव देखिएको छ । उपलब्ध अवसरहरू सबैलाई पुग्दैन । समान्यतया ठुला ठालु (elite) नियन्त्रणमा रहन्छ । आरक्षणका सुविधा पनि त्यही वर्गको ठुला ठालु (elite) उपयोग गर्ने गरेका छन् । समस्याहरू बहुपक्षीय छन् । यससँग सम्बन्धित थप समस्याहरूलाई तल प्रस्तुत गरिएको छ :

### (क) नीतिगत समस्या

- प्राविधिक व्यावसायिक शिक्षा सिटिइभिटी (CTEVT) सम्बन्धी राष्ट्रिय मानव संशाधन योजना बन्न नसक्नु । सिपयुक्त जनशक्तिको यथार्थ तथ्याङ्क नहुनु । कुन तहको कति जनशक्ति कहाँ र

किन आवश्यक छ, सोअनुसारको योजना गर्न नसकिनु,

- प्राविधिक शिक्षा तथा व्यावसायिक शिक्षामा लगानी कम हुनु । सरकारी लगानी यस क्षेत्रमा ३ प्रतिशत भन्दा थोरै हुनु
- बजारको माग आवश्यकता अनुसार एकीकृत पाठ्यक्रमको समसामयिक परिमार्जन र परिवर्तित रूप तयार हुन नसक्नु र
- मुलुकको समग्र आर्थिक विकाससँग सिटिइभिटी (CTEVT) का कार्यक्रम Tie-up गर्न नसक्नु ।

**(ख) संरचनागत समस्या**

- समग्र औपचारिक (विभिन्न मन्त्रालय र विश्व विद्यालय) तथा अनौपचारिक क्षेत्रलाई समेत समन्वय गर्ने उच्च स्तरीय निकायको अभाव हुनु ।
- सञ्चालित सङ्ख्याहरूका आन्तरिक र बाहिय क्षमता कमजोर हुनु ।
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद (CTEVT) यस सम्बन्धी सर्वाधिक महत्त्व राख्ने संस्था हो । यसैलाई बलियो बनाउन सक्दा पनि समस्यालाई धेरै न्यूनीकरण गर्न सकिन्छ । यससँग सम्बन्धित समस्यालाई देहायअनुसार केलाउन सकिन्छ :
  - ◆ पदाधिकारी नियुक्ति, विद्यालयहरू तथा तालिम केन्द्र स्थापना गर्दा यसको प्राविधिक र प्राज्ञिक मर्मभन्दा विपरित राजनीतिकरण हुनु,
  - ◆ सिटिइभिटी (CTEVT) पद्धतिभित्र अपेक्षित रूपमा सुशासन कायम हुन नसक्नु, पारदर्शिता, जिम्मेवारी लिने, उत्तरदायित्व स्रोतको उपयेग जस्ता पक्षमा विवाद भैरहनु,
- स्किल फर इम्प्लोइ मोभमेन्ट (Skill for employ movement), इभेन्ट (EVENT) जस्ता परियोजनाहरूमा नेपाली Home grown model को रूपमा व्यवस्थित गरी वैदेशिक स्रोतलाई उपयुक्त रूपमा परिचालन गर्न नसकिनु,
- सिटिइभिटी (CTEVT) र अन्य मन्त्रालय (पर्यटन स्थानीय, श्रम, समाज कल्याण मन्त्रालय) जस्ता सरकारी, गैरसरकारी र निजी क्षेत्रसँगको समन्वयात्मक अवस्था कमजोर हुनु ।

**कार्यविधिगत समस्या**

- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम नीति २०६८ प्रभावकारी रूपमा कार्यान्वयन हुन नसक्नु
- असल अभ्यासको विस्तार, समाजका कमजोर वर्गको पहुँच, राजनीतिकरण, स्थानीय निकायको जिम्मेवारी र सक्षमता, दिगो विकासको सोच, उचित परामर्श सेवा र सूचना व्यवस्थापन, निजी, INGO/NGOS दाता र स्थानीय तथा सरकारको निकायबिच समन्वय आदि पक्षलाई उचित रूपमा सम्बोधन गर्न नसक्नु ।
- विकेन्द्रीकरण प्रयास र स्थानीय तथा केन्द्रबिचको सन्तुलन समन्वय कमजोर हुनु,
- प्राविधिक र सिपमूलक जनशक्ति भन्दा (white color job) मा आकृष्ट बढी हुनु,
- भएका राम्रा अभ्यास (best practices) हरूलाई अन्य क्षेत्रमा replicate गरी Value Add गर्न अपेक्षित रूपमा नसकिनु

## ६. सुधारका लागि सुझाव

**(क) नीतिगत पक्षमा सुधार**

- गरिबी न्यूनीकरण गरी मुलुकलाई सम्वृद्ध, समावेशी, आधुनिक बनाउन सिटिइभिटी (CTEVT) को महत्त्वपूर्ण योगदान हुने हुँदा यो क्षेत्रलाई हेर्ने छुट्टै मन्त्रालय हुनपर्छ । विश्वका कतिपय मुलुकमा यस प्रकारको व्यवस्था छ । श्रीलङ्कामा सो प्रावधान छ । भुटान र बङ्गलादेशमा सो सम्बन्धी सोच अगाडि बढेको सन्दर्भमा नेपालमा पनि जरुरी देखिन्छ ।
- यस क्षेत्रमा लगानी बढाएर हाललाई कम्तिमा ६% पुऱ्याइनु पर्छ (कुल शिक्षा वजेटको) । स्रोतहरूको एकीकरण गरी समन्वयात्मक प्रयास अझ शसक्त बनाइनुपर्छ ।
- स्थानीय निर्वाचित निकायको सक्षमता बढाई स्थानीय तहमा औपचारिक शिक्षा कार्यक्रम समेतमा

व्यावसायिक तथा प्राविधिक शिक्षामा जोड दिने ।

- गरिबीको पक्षलाई सम्बोधन गर्ने गरी गरिबी पहिचान र प्रमाण पत्र प्रदान गरी सो वर्गलाई सम्बोधन गर्ने विशेष कार्यक्रम कार्यान्वयनमा ल्याइनुपर्छ ।
- अति कमजोर वर्गका लागि अवसरको मुल्यसहितको सिप विकास कार्यक्रम ल्याइनुपर्छ ।
- प्राविधिक तथा व्यावसायिक, रोजगारी आदि सम्बन्धी सूचना पद्धति (CTEVT-MIS) सुदृढ गराइनुपर्छ ।
- कमजोर वर्गलाई पहिचान गर्ने । आर्थिक, सामाजिक र भौगोलिकरूपमा कमजोर रहेका वर्ग र समुदाय लक्षित कार्यक्रम सञ्चालन गर्ने । Double र Tripple disadvantage वर्ग पहिचान गरी सम्बोधन गर्ने विशेष प्रावधान ल्याउने
- रोजगार तथा व्यावसायिक शिक्षाका सम्वन्धमा परामर्श सेवा सञ्चालन गर्ने सूचना व्यवस्थापनलाई थप व्यावहारिक गर्ने ।
- प्राविधिक शिक्षाका क्षेत्रमा वैदेशिक लगानी बढाउने वातावरण तयार गर्ने WTO मा प्रवेश गरेको सन्दर्भमा यसको सम्भावना व्यापक भएको छ ।
- स्थानीय रैथाने ज्ञान, सिप तथा प्रविधिको आधुनिकीकरण र विश्वव्यापीकरण गरिनुपर्छ । यसका लागि अन्तर्राष्ट्रिय बजारको गन्तव्य पहिचान, व्यापार मेला आदि सञ्चालन गर्ने ।

**(ख) कार्य विधिगत पक्षमा सुधार**

- स्थानीय तहमा सक्षमता बढाउने, दिगो विकास र विकेन्द्रीकरणका अवधारणालाई आत्मासाथ गर्दै CTEVT बाट सञ्चालित संस्थाहरूको प्रयोगको क्षेत्र स्थानीय रोजगार दाता संस्था र रोजगारी सिर्जना गर्ने क्षेत्र हुने गरी कार्यक्रमलाई व्यावहारिक बनाइनुपर्ने
- एसएलसी पासमध्ये पनि २० प्रतिशत त्यस क्षेत्रमा जाने गरी योजना, पाठ्यक्रम तथा कार्यक्रम निश्चित गर्नुपर्ने
- नयाँ स्थापना हुने प्राविधिक मन्त्रालयले अन्य मन्त्रालयबाट सञ्चालन हुने क्षमतामा रोजगार सम्बन्धी कार्यक्रमलाई समन्वयगरी एकीकृत रूपमा व्यावहारिक गर्नुपर्ने
- हाल सञ्चालनमा रहेका कार्यक्रमहरूमा पुनरवलोकन गरी पारदर्शिता, स्रोतको उच्चतम उपयोग, जवाफदेहिता जस्ता पक्षमा मुल्य थप गरी कार्यक्रमको गुणस्तर बढाउने
- निजी, गैरसरकारी र अनौपचारिक क्षेत्रको योगदानलाई Recognize गर्ने संयन्त्र बनाउने
- बजारको माग र शैक्षिक संस्थाको उत्पादनबिच तालमेल मिलाउने
- वैदेशिक रोजगारमा जानेलाई अभिमुखीकरण तालिम दिने
- अन्तर्राष्ट्रिय सहयोगको अधिकाधिक उपयोग गर्ने प्राथमिकताका क्षेत्रमा आफ्नै प्याकेज बनाएर लगानी भित्र्याउने प्रवृत्ति विकास गर्ने
- सूचना तथा सञ्चार प्रविधिको अधिकाधिक उपयोग गर्ने, रोजगार सूचना पद्धतिको विकास गर्ने
- स्थानीय निकायलार्य जिम्मेवार बनाउने, स्थानीय तहमा निजी क्षेत्र, गैरसरकारी क्षेत्र र समुदायबिच असल समन्वय संयन्त्र विकास गर्ने

**(ग) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् सम्बद्ध पक्षमा सुधार**

- रोजगार परामर्श सेवा, जानकारीको लागि सार्वजनिक सुनुवाई, गरिबी सर्वेक्षण र रोजगारीको प्रकृति पहिचान जस्ता कार्यक्रम सञ्चालन गरिनुपर्छ ।
- परामर्श सेवा सम्बन्धी संस्थागत व्यवस्था गर्ने, रोजगारी, स्वरोजगारी र सम्बन्धित अवसर र चुनौतीका बारेमा जानकारी दिने संयन्त्र विकास गर्ने
- हालको प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को क्षमता व्यापक रूपमा बढाउने
- यस अन्तरगत सञ्चालित चार ओटै विषय क्षेत्रका कार्यक्रम सिप प्रमाणीकरण र स्तरीकरण, प्राविधिक एसएलसी, Certificate /Diploma, र सामुदायिक विद्यालयमा आधारित कार्यक्रम र

व्यावसायिक तालिमबाट उत्पादन हुने जनशक्तिलाई दोब्बरसम्म बनाउने ।

- राजनीतिकरणबाट अलग गरी प्राज्ञिक र प्राविधिक मर्यादा कायम राख्ने गरी व्यवस्थापकीय पक्षमा सुधार गर्ने
- सूचना तथा सञ्चार प्रविधिको आधिकाधिक प्रयोग गर्ने, अन्तरार्ष्ट्रिय तहको भावमा तथा फाइदा लिने Networking बनाउने

**मानवीय र संस्कार जन्य पक्षमा सुधार**

- White colour job मात्र होइन काम जस्तो र जे भए पनि राम्रो हो भन्ने सम्बन्धमा चेतनाकरण कार्यक्रम सञ्चालन गर्ने ।
- असल अभ्यासको विस्तार र प्रचार प्रसार गर्ने । Home grown model को Replication गरिनुपर्छ । सिकेका र गरिएका प्रयासबाट सिकी सञ्चालन भएका कार्यक्रममा Post Positivist Approach मा value Add गर्दै जानुपर्छ ।
- Learning to know, to do, to be र to live together जस्ता पक्षलाई Learning to do का साथसाथै सम्बोधन गर्नुपर्छ ।
- कमजोर वर्गलाई पहिचान गर्ने । आर्थिक, सामाजिक र भौगोलिकरूपमा कमजोर रहेका वर्ग र समुदाय लक्षित कार्यक्रम सञ्चालन गर्ने । Double र Tripple disadvantage वर्ग पहिचान गरी सम्बोधन गर्ने विशेष प्रावधान ल्याउने
- सरकारी निकायहरू, गैरसरकारी क्षेत्र, स्थानीय निकाय र निजी क्षेत्रबिच समन्वय प्रगाढ बनाउने औद्योगिक संस्थाहरूलाई प्रयोगशालाको रूपमा अभ्यास गर्ने गरी व्यवस्थित गर्ने

सिपयुक्त जनशक्ति उत्पादनमा गुणस्तर र पहुँच दुवै पक्षमा विशेष ध्यान दिनु आजको आवश्यकता हो । वन, कृषि, पूर्वाधार विकास, सुरक्षा, स्वास्थ्य शिक्षा, प्रशासन जस्ता रोजगारका क्षेत्रमा सिपालु आधारभूत र मध्यम स्तरीय Ethical र गुणस्तरीय जनशक्ति विकासले मुलुकको आन्तरिक उत्पादकत्व र Remittance लाई बढोत्तरी ल्याई मुलुक विकासमा महत्त्वपूर्ण योगदान पुग्न जान्छ ।

## ७. निष्कर्ष

सिपयुक्त प्राविधिक तथा व्यावसायिक शिक्षाको प्रावधान, पहुँच र अवसर, सान्दर्भिकता तथा उपयुक्तता र अनकूल वातावरण प्राप्त भएपछि समाजका कमजोर वर्गमा समेत पहुँच पुग्न सक्छ । यसमा गुणस्तरको पक्ष अझ चोटिलो हुन्छ । नेपालको वर्तमान परिप्रेक्षमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको स्थिति, पहुँच र गुणस्तरको अवस्था सन्तोषजनक मान्न सकिन्न । आवश्यकताअनुसारको जनशक्ति र रोजगार बजारको माग र आपूर्तिको विश्लेषणको निचोडमा रोजगार प्रदायक संस्थाबाट (CTEVT बाहेक) कति उत्पादन भएको छ र कुन कुन क्षेत्रमा के कस्तो जनशक्तिको आवश्यकता छ भन्ने बारेमा समन्वयात्मक प्रयास भएको देखिँदैन । आधुनिक प्राविधिक तथा सूचनाको युगमा प्राविधिक शिक्षा र व्यावसायिक तालिम उच्च महत्त्व भएको र दिनदिनै प्राविधिक क्षमता बढाउनुपर्ने क्षेत्र विशिष्टीकृत हुँदै छन् । बजारले माग भिन्न तरिकाले गर्ने र सोहीअनुसार जनशक्ति तयारी र तयार भएका जनशक्तिको गति (Spirit) मा स्तरीकरण र प्रमाणीकरण गर्न चुनौतीपूर्ण हुँदै गएको छ । प्राविधिक र व्यावसायिक शिक्षा बजारको मागअनुसारको उत्पादनमूलक जनशक्ति विकास र व्यवस्थापन गरी मुलुकलाई आधुनिक, समावेशी, सम्वृद्ध र न्यायपूर्ण बनाउने प्रमुख आधार हो । यो शिक्षा खर्चिलो भए तापनि प्रतिफल धेरै हुँदा सामान्य प्राविधिक सिप जानेका र नजानेका बिचमा ४/५ गुणा फरक परेको वैदेशिक रोजगारमा जाने नेपालीको अनुभवबाट पनि यसलाई पुष्टि गर्छ । उत्पादकत्व बढाउने र रोजगारमूलक जनशक्तिको उत्पादन गर्ने शिक्षा आजको आवश्यकता हो । राष्ट्रिय अर्थतन्त्रलाई उच्च राख्न र समतामूलक विकासको लागि सिपयुक्त आधारभूत र मध्यम स्तरीय जनशक्तिको महत्त्वपूर्ण भूमिका हुन्छ । गरिबी आर्थिक, सामाजिक, मानवीय र व्यवस्थापकीय हुन्छ । गरिबीका यी सबै पक्षलाई सम्बोधन गर्ने मुख्य विषय क्षेत्र CTEVT हो । प्रतिदिन तथा

व्यावसायिक क्षेत्रका कामले माग पनि यसलाई अपेक्षित रूपमा सम्बोधन हुँदैन समग्र वातावरणसँग यसको Tie up गर्दै संस्कार जन्य, सामाजिक, आर्थिक, राजनीतिक सबै पक्षको सुधारसँग आबद्ध गर्दै CTEVT का कार्यक्रम सञ्चालन गर्नुपर्छ। संस्थागत छुट्टै मन्त्रालय पद्धति सोअनुसारका प्रशासनिक र विज्ञता भएका जनशक्ति तयारी र मानव संसोधन योजना विकास र कार्यान्वयनबाट अपेक्षित सुधार गर्न सकिन्छ। विद्यालय तहदेखि नै व्यावसायिक शिक्षाको पठन पाठनमा विशेष ध्यान दिनुपर्ने नीतिगत व्यवस्था भइसकेको सन्दर्भमा विगतको प्रयासलाई समेत हृदयङ्गम् गर्दै कार्यक्रम व्यवस्थापन गरिनुपर्छ। विश्वका विकसित र यस क्षेत्रमा राम्रो उपलब्धि गरेका मुलुकले शिक्षा क्षेत्रको निकै ठुलो अंश यस क्षेत्रमा खर्च गरी ५० प्रतिशतसम्म विद्यार्थीहरू यस क्षेत्रमा अध्यन गर्ने गरेको पाइन्छ। छुट्टै मन्त्रालय वा सोझै सरकार प्रमुखको नियन्त्रण जस्ता सङ्गठनात्मक पक्षमा सुधार तथा भए गरेको असल अभ्यास र परिस्थितिजन्य समस्यालाई उचित सम्बोधन गर्दै वैदेशिक रोजगारमा गएका र जानेहरूलाई सिपको स्तर वृद्धि सम्बन्धी तालिम दिँदै जाँदा यस क्षेत्रमा अपेक्षित सुधार हुँदै गई रोजगारीको समस्यालाई क्रमशः सम्बोधन गर्न सकिन्छ। औपचारिक र अनौपचारिक रोजगारीका दुवै क्षेत्रमा बल पुग्छ।

## सन्दर्भ सामग्री


नेपाल सरकार (२०६३). **नेपालको अन्तरिम संविधान, २०६३, बारौं संसोधन**. काठमाडौँ : लेखक

प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम परिषद् (२०६८). **प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम : एक झलक, भग ३**. काठमाण्डौं : लेखक।

प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम परिषद् (२०६९). **प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम : एक झलक, भग ४**. काठमाण्डौं : लेखक।

Azad, J.L.(2002). *Financing of secondary education .Secondary education the challenges ahead, 324-336.*

Barnea, A.(2001). *The international federation of workers' educational associations. In Rao, D. B., Education for the 21st Century (pp. 208-210).* New Delhi : Discovery Publishing house.

Bjrachary R.R (2003). *Education for poverty reduction: The challenges of school reforms. Education and Development, 62-71.*

CTEVT (2000). *A profile of technical education and vocational training profile in Nepal.* Kathmandu : Author.

Guvinda, R. (1997). *Regional cooparation for techanical and protessional education and training.* New Delhi: Friedrish & best stiftung.

Kafle, A.P. (2001). *A professional development model for technical education and vocational training instructors in Nepal. Unpublished doctoral dissertation, Kathmandu University.*

कोइराला, विद्यनाथ (२०५६). 'दलित महिलाको शैक्षिक अवस्था र सुधारका उपायहरू', **शिक्षक शिक्षा** पृ. ६०-६८, शैक्षिक जनशक्ति विकास केन्द्र।

मलिक, बी. (२०६०). 'शिक्षा क्षेत्रमा हुने लगानी पूर्णरूपमा पिछडिएको वर्गमा आरक्षित हुनुपर्छ', **शैक्षिक ज्योति, १–२।**

राष्ट्रिय योजना आयोग (एनपीसी) (सन् २०७९). **तेरौं योजनाको आधार पत्र,** (आ.व.२०७०/७१–२०७२/७३), लेखक।

शर्मा, टंकनाथ, (२०६०). 'व्यावसायिक शिक्षाका सम्भावना तथा चुनौतीहरू', **दूर शिक्षा पेज १५ देख २५ सम्म**. भक्तपुर : शैक्षिक जनशक्ति विकास केन्द्र।

Sharma, T.N. (2060 B.S.). *Vocational guidance/counseling and placement service in the Neplease technical education and vocational education training system. Education Beacon.* Kathmandu: Author.

UNESCO-UNEVOC (2012). P*romoting Learning for world of work UNESCO-UNEVOC Bulletin, http://www.unevoc.unesco.org/fileadmin/user_upload/pubs/bulletin/Bulletin20en.pdf*

The government of Nepal, Ministry of Education (2009). *The school sector reform plan, 2009-2015.* Kathmandu: MOE

World Bank, (2005). *Reshaping the future: Education and post conflict reconstruction.* New York: Author.